# सम्बत् २०७६ साल चैत २४ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु

१. नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम संवत् २०७६ साल चैत २४ गते सोमबार राती १२.०० बजेदेखि संघीय संसद्को दुवै सदनको चालु अधिवेशन अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृतको राजीनामा स्वीकृत गर्ने ।

३. अर्थ मन्त्रालय - नेपाल राष्ट्र बैंकको गर्भनर पदमा श्री महाप्रसाद अधिकारीलाई नियुक्त गर्ने ।

४. गृह मन्त्रालय - नेपाल प्रहरीको जनपदतर्फ प्रहरी नायब महानिरीक्षकहरूको रिक्त दरबन्दी पदपूर्ति गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - जोरपाटी-सुन्दरीजल सडकको हाल उपलब्ध चौडाइमा निर्माण कार्य गरी ठेक्का फरफारक गर्न स्वीकृति दिने ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय-

   १. विश्वव्यापी महामारीको रूप लिएको COVID-19 को संक्रमण फैलिने सम्भावना देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/१२/९ र मिति २०७६/१२/१६ गतेको निर्णयानुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७६ चैत २५ गते मङ्गलबारसम्मका लागि नेपालभर लागू हुने गरी जारी गरिएको आदेश हाललाई मिति २०७७ वैशाख ३ गते बुधबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने ।

   २. विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID-19 रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरूको आवागमन मिति २०७६ चैत २५ गते मङ्गलबार बिहान ६ बजेसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ वैशाख ३ गते बुधबार मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सवै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने । तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने ।

७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

   १. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा नेपालभर रहेका निजी तथा सामुदायिक क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्था एवं व्यक्तिगत रूपमा क्रियाशील स्वास्थ्यकर्मीलाई समेत परिचालन गर्ने। त्यसरी परिचालित स्वास्थ्यकर्मीलाई नेपाल सरकारका स्वास्थ्यकर्मीलाई उपलब्ध हुनेसरहको तलब, भत्ता र बिमा सुविधा उपलब्ध गराउने।

   २. कोभिड-१९ संक्रमणको रोकथाम र नियन्त्रणको कार्यमा देशभरका स्थानीय तह मातहत रहेका महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई देहायको कार्यविवरण तोकी सोही स्थानीय तहअन्तर्गत परिचालन गर्ने। यसरी परिचालन गर्दा निज महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई स्थानीय तहमार्फत् एकमुष्ट रु. १,५००।- (एक हजार पाँच सय रुपैयाँ मात्र) उपलब्ध गराउने।

   कार्य विवरण

   (क) आ-आफ्नो वडामा रहेका विदेशबाट आएका व्यक्तिहरूको विवरण तयार गर्ने, उनीहरू होम क्वारेन्टिनमा रहेको सुनिश्चित गर्ने र निजहरूको स्वास्थ्य स्थितिबारे सम्बन्धित स्वास्थ्य संस्थालाई दैनिक प्रतिवेदन गर्ने।

**द्रष्टब्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

(ख) सम्बन्धित स्थानीय तहमा रहेका क्वारेन्टिन स्थलमा खटिने र त्यहाँ रहेका व्यक्तिहरूलाई क्वारेन्टिनमा रहँदा अपनाउनुपर्ने सावधानीहरू पूर्ण रूपमा पालना गर्न लगाउने।

(ग) पहिचान भएका शङ्कास्पद संक्रमितहरूको प्रेषण, नमूना संकलन तथा आइसोलेसनमा रहन सहजीकरण गर्ने।

३. Corona Virus प्रतिकार्य प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक (Integrated) रूपमा गर्नको लागि स्थापित COVID-19 Crisis Management Center (CCMC) को परिशिष्ट "ख" अन्तर्गत संयोजक/योजना/नियन्त्रण समूह र सो मातहत स्वास्थ्य सेवा तथा उपचार कार्य, आपूर्ति तथा अत्यावश्यक सेवा सहजीकरण कार्य, शान्ति सुरक्षा अनुगमन तथा नियन्त्रण कार्य र सूचना तथा प्रविधि कार्य अन्तर्गत खटिई कार्यसम्पादन गर्ने राष्ट्रसेवकहरूलाई शुरू तलबमानको पचहत्तर प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने ।

४. कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी सूचना संकलन कार्यमा खटिने राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीहरूलाई सम्बन्धित कार्यालय प्रमुखले प्रमाणित गरेको आधारमा शुरू तलब स्केलको पचास प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने।

५. उपरोक्त कार्यका लागि आवश्यक रकम नेपाल सरकारले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोर्ने।

६. कोभिड-१९ संक्रमण रोकथाम र नियन्त्रणका लागि हाल क्वारेन्टिनमा राखिएका र भविष्यमा क्वारेन्टिनमा राखिने व्यक्तिहरूलाई चौध दिनको क्वारेन्टिन अवधि भुक्तान गरेपछि निजहरूलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले तोकेबमोजिम Rapid Diagnostic Test (RDT) को माध्यमबाट परीक्षण गर्ने। उक्त परीक्षणमा पोजेटिभ देखिएकाहरूलाई अस्पताल भर्ना गर्ने र नेगेटिभ देखिएकाहरूलाई आआफ्नो वासस्थानमा थप एक हप्ता अनिवार्य क्वारेन्टिनमा बस्ने स्वघोषणा गराई पठाउने। निजहरू क्वारेन्टिनमा बसे नबसेको र निजहरूको स्वास्थ्य अवस्थाको बारेमा स्थानीय महिला स्वास्थ्य स्वयंसेविकाहरूले अनुगमन र सहजीकरण गर्ने। उपर्युक्तअनुसारको परीक्षणका लागि आवश्यक पर्ने Rapid Diagnostic Test Kit को व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने।

८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय —

कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचार अभियानमा देहायका माननीय मन्त्रीहरूले देहायबमोजिमको थप जिम्मेवारी सम्हाल्ने-

(क) माननीय मन्त्री, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः प्रदेश नं. ५ को सरकारसँग समन्वय गर्ने ।

(ख) माननीय मन्त्री, वन तथा वातावरण मन्त्रालयः कर्णाली प्रदेश सरकारसँग समन्वय गर्ने ।

(ग) माननीय मन्त्री, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयः प्रदेश नं. २ को सरकारसँग समन्वय गर्ने।

(घ) माननीय मन्त्री, युवा तथा खेलकुद मन्त्रालयः युवा, खेलाडी तथा राहत वितरणमा स्वयसेवकहरुको व्यवस्थापन तथा परिचालनका लागि योजना बनाउने, कार्यान्वयनका लागि समन्वय गर्ने।

(ङ) माननीय मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयः गण्डकी प्रदेश सरकारसँग समन्वय गर्ने ।

(च) माननीय मन्त्री, खानेपानी मन्त्रालयः सुदुरपश्चिम सरकारसँग समन्वय गर्ने ।

(छ) माननीय मन्त्री, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयः महिला बालबालिका तथा जेष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूको बारेमा सुधार र सम्बोधन गर्न आवश्यक कार्ययोजना बनाउने र सामाजिक संघ संस्थाहरू परिचालन गर्ने ।

(ज) माननीय मन्त्री, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयः प्रदेश नं. १ को सरकारसँग समन्वय गर्ने ।

(झ) माननीय मन्त्री, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयः संसदमा रहेका विभिन्न राजनीतिक दलहरूसँग समन्वय गर्ने ।

**द्रष्टव्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

माननीय मन्त्रीहरूले आआफ्नो कार्यहरूको नियमित प्रतिवेदन माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री एवं नोवल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक समक्ष गर्ने।

**सम्बत् २०७६ साल चैत २२ गते शनिबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु**

१. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - विद्युत सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७६ संघीय संसदमा पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय - फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४६ बमोजिमको सजाय सुझाव समितिको सोही दफाको खण्ड (घ) बमोजिमको सदस्यमा श्री रविन्द्र भट्टराई, इलाम तथा खण्ड (ङ) बमोजिमको सदस्यमा डा. श्री कुन्साङ लामा, काभ्रेपलाञ्चोक र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४४ बमोजिमको पीडित संरक्षण सुझाव समितिको सोही दफाको उपदफा (१) को खण्ड (च) बमोजिमको सदस्यमा डा. श्री शंकर कुमार श्रेष्ठ, सिन्धुलीलाई तोक्ने ।

३. रक्षा मन्त्रालय - पाईलट सहायक रथी धनेन्द्र बहादुर शाहलाई महानिर्देशकमा कायम मुकायम मुकरर गर्ने ।

४. रक्षा मन्त्रालय - प्राविधिक महासेनानी श्री लक्ष्मी प्रसाद तुम्बाहाङ्फेको पदावधि थप गर्ने ।

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/११/१८ गतेको निर्णयअनुसार गठित नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको सदस्यमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षलाई समावेश गर्ने ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –

१. देहायबमोजिमका व्यक्तिहरू र तिनीहरूको सम्पर्कमा रहेका अन्य व्यक्तिहरूको RDT (Rapid Diagnostic Test) प्रविधिबाट समेत कोभिड-१९ को परीक्षण गर्ने र उक्त प्रविधिबाट परीक्षण गर्दा कोरोना भाइरस पोजेटिभ देखिएका व्यक्तिहरूको पुनः PCR प्रविधिबाट परीक्षण गरी यकिन गर्ने। यसको नतिजाको आधारमा अन्य क्वारेन्टिनमा रहेका व्यक्तिहरू र कोभिड-१९ को संक्रमणको शङ्का लागेका व्यक्तिहरूको परीक्षण गर्ने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने ।

(क) कैलाली र कन्चनपुर जिल्लाको क्वारेन्टिनमा रहेका विदेशबाट आएका दुई व्यक्तिहरूमा कोभिड-१९ को संक्रमण देखिएको र विदेशबाट आएका अर्को एक संक्रमित व्यक्तिबाट निजको परिवारको एक सदस्यमा कोरोना भाइरसको संक्रमण देखिएकोले यी दुई जिल्लाका सबै क्वारेन्टिनमा रहेका व्यक्तिहरू ।

(ख) बाग्लुङ जिल्लामा कोभिड-१९ को उपचारको क्रममा रहेका संक्रमित व्यक्तिहरूको बासस्थान वरपर र तिनीहरूको सम्पर्कमा रहेका व्यक्तिहरू ।

(ग) २०७६ चैत महिनामा नेपाल प्रवेश गरेका व्यक्तिहरू र तिनीहरूको सम्पर्कमा रहेका व्यक्तिहरू ।

२. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न चिकित्सक, नर्स र प्राविधिक लगायतका स्वास्थ्यकर्मीहरूलाई व्यक्तिगत स्वास्थ्य सुरक्षाका उपकरण एवं सामग्रीहरू र प्रोत्साहनको विशेष व्यवस्था गर्ने । यस रोगको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न चिकित्सक, नर्स र प्राविधिक लगायतका स्वास्थ्यकर्मीहरूको सुरक्षाको उचित प्रबन्ध गृह मन्त्रालयले मिलाउने । रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूको कार्यमा बाधा विरोध गर्ने व्यक्तिहरूलाई ड्युटीमा खटिएका सुरक्षाकर्मीको कार्यसम्पादनमा बाधा विरोध गर्नेलाई हुनेसरहको प्रचलित कानूनबमोजिमको कारबाही गर्ने ।

३. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/९ र मिति २०७६/१२/१६ को निर्णयअनुसार संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी भएको आदेश र नेपालको अन्तर्राष्ट्रिय

सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी भएको निर्णयलाई पूर्ण रूपले परिपालना गर्ने गराउने।

**सम्बत् २०७६ साल चैत १६ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु**

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कोष सञ्चालन निर्देशिका, २०७६ स्वीकृत गर्ने ।

२. अर्थ मन्त्रालय - कोभिड-१९ को कारण प्रभावितहरूलाई प्रदान गरिने राहत, कर छुट तथा सुविधाहरू स्वीकृत गर्ने ।

३. गृह मन्त्रालय - नेपाली सेनाका Brigadier Genaral Suresh Kumar Baniya र Major Prativa Thapa लाई फ्रान्स सरकारबाट सम्मान गरिएको विभूषण "Overseas Medal", ब्रिटिश गोर्खाका भुतपूर्व सैनिक श्री गणेश कुमार राईलाई बेलायतकी महारानीबाट सम्मान गरिएको विभूषण "British Empire Medal (BEM)" र श्री राम चन्द्र पौडेललाई जापान सरकारबाट सम्मान गरिएको विभूषण "The order of Japan (Grand Cordon of the Rising Sun)" ग्रहण गर्न स्वीकृति दिने ।।

४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - नेपाल वायुसेवा निगममा सञ्चालक सदस्य पदमा शुशिल घिमिरेलाई नियुक्ति गर्ने ।

५. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –

   १. विश्वव्यापी महामारीको रूप लिएको COVID-19 को संक्रमण फैलिने सम्भावना देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/१२/९ गतेको निर्णयानुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७६ चैत १८ गते मङ्गलबार बिहान ६ बजेसम्म नेपालभर लागू हुने गरी जारी गरिएको आदेशको क्रमसङ्ख्या ६ पछि देहायको क्रमसङ्ख्या ७ थप गर्ने र साविकको क्रमसङ्ख्या ७ र ८ लाई क्रमशः क्रमसङ्ख्या ८ र ९ बनाई उक्त आदेश हाललाई मिति २०७६ चैत २५ गते मङ्गलबारसम्म जम्मा ७ (सात) दिनका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिने र सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने-

      ७. घर भाडामा बस्ने कुनै पनि व्यक्ति वा परिवारलाई सो अवधिभर भाडामा बसेको घरबाट निकाल्न नपाइने ।

   २. विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID-19 रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभव समेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दुबाट यात्रुहरूको आवागमन मिति २०७६ चैत १६ गतेसम्म स्थगित गरिएकोमा हाललाई मिति २०७६ चैत १६ गते आइतबार मध्यरातदेखि २०७६ चैत २५ गते मङ्गलबार बिहान ६ बजेसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुन सक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने । तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने ।

   ३. COVID-19 रोकथाम, नियन्त्रण र उपचारलगायतका कार्यहरू प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक रूपमा गर्नका लागि एक सशक्त र प्रभावकारी संयन्त्रको रूपमा Crisis Management Center स्थापना र सञ्चालन गर्न यसैसाथ संलग्न अनुसूची -१ बमोजिमको COVID-19 Crisis Management Center (CCMC) स्वीकृत गर्ने। यस्तै किसिमको संरचना प्रदेश

र स्थानीय तहमा समेत स्थापना गरी समन्वयात्मक रूपले कार्यसञ्चालन गर्ने व्यवस्था मिलाउने ।

४. COVID-19 रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधि, उपकरण तथा अन्य सामग्रीहरू स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग समन्वय गरी आवश्यकतानुसार रक्षा मन्त्रालयले नेपाली सेनामार्फत् सरकार-सरकार (G to G) विधिबाट खरिद गर्ने ।

५. हालको विशेष परिस्थितिमा औषधि, खाद्यवस्तुलगायतका अत्यावश्यक वस्तुको उत्पादन प्राथमिकताका साथ गर्न प्रेरित गर्ने र आवश्यकतानुसार आयातमा सहजीकरण गरी आपूर्ति प्रणालीलाई व्यवस्थित र सहज बनाउन उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्रीले सम्बन्धित सरोकारवालाहरूसँग आवश्यक समन्वय गरी प्रभावकारी रूपमा कार्य गर्ने।

६. विदेशबाट आएका व्यक्तिहरूलगायत शंकास्पद अन्य व्यक्तिहरूलाई कोरोना रोगको संक्रमण हुन नदिन र यसको संक्रमण फैलिन नदिन यसैसाथ संलग्न क्वारेन्टिन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ स्वीकृत गर्ने । सो मापदण्डअनुसार क्वारेन्टिन व्यवस्था भए नभएको अनुगमन गर्ने र आवश्यक सहजीकरणको कार्य स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री र सहरी विकास राज्यमन्त्रीले गर्ने।

७. COVID-19 रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यमा संलग्न नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपालका देहायबमोजिमका जनशक्तिलाई उक्त रोगको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा खटिएको अवधिभर देहायबमोजिमको प्रोत्साहन रकम उपलब्ध गराउने-

७.१ PRT (Patient Receiving Team) मा PPE (Personal Protection Equipment) लगाएर कार्य गर्ने सुरक्षाकर्मीलाई सुरु तलबमानको शतप्रतिशत प्रोत्साहन रकम,

७.२ PPE (Personal Protection Equipment) लगाउनु नपर्ने PRT (Patient Receiving Team) मा खटिई सहयोग गर्ने र क्वारेन्टाइनको व्यवस्थापनमा संलग्न सुरक्षाकर्मीलाई सुरु तलबमानको पचास प्रतिशत प्रोत्साहन रकम,

७.३ उल्लिखित प्रयोजनमा ड्युटीमा खटिएको अवधिभर अन्य सुरक्षाकर्मीहरूलाई सम्बन्धित युनिट प्रमुखले प्रमाणित गरेको आधारमा प्रतिदिन रु. ३००।- (तीन सय रुपैयाँ) का दरले हुन आउने रकम,

७.४ उक्त रकम निजहरूको बैंक खातामार्फत उपलब्ध गराउने ।

६. Corona Virus प्रतिकार्य प्रभावकारी ढङ्गले छिटो, व्यवस्थित र समन्वयात्मक (Integrated) रूपमा गर्नको लागि स्थापना हुने COVID-19 Crisis Management Center (CCMC) को परिशिष्ट "क" अन्तर्गत CCMC-OPERATION मा रहने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव नेपाल सरकारका मुख्यसचिवले खटाउने ।

७. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव (प्रा.) श्री राजेन्द्र प्रसाद भारी (सङ्केत नं. १३७५९६) लाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिव (कृषि) पदमा पदस्थापन गर्ने ।

## सम्बत् २०७६ साल चैत ९ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले गरेका निर्णयहरु

१. अर्थ मन्त्रालय - अर्थ मन्त्रालयका का.मु. सचिव (राजस्व) श्री रामशरण पुडासैनीलाई कर्मचारी सञ्चय कोषको अध्यक्षमा नियुक्त गर्ने ।।

२. अर्थ मन्त्रालय - The Project for the Development of Digital Elevation Model & Orthophoto को लागि जापान सरकारबाट प्राप्त अनुदान सहायता स्वीकार गर्ने ।

३. अर्थ मन्त्रालय - विद्युत प्रशारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाका लागि एशियाली बिकास बैंकबाट ऋण र नर्वे सरकारबाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने ।

४. अर्थ मन्त्रालय - नेपाल राष्ट्र बैंकको गभर्नरको नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने ।

५. अर्थ मन्त्रालय - जलवायु परिवर्तन तथा विपदबाट हुनसक्ने सम्भावित जोखिम बहन गर्न विश्व बैंक समूहको अन्तर्राष्ट्रिय विकास संस्थाबाट ऋण सहायता सम्झौताका लागि अर्थ-सचिव वा सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, लाई अख्तियारी दिने ।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय - औद्योगिक ग्राम घोषणा गर्ने ।

७. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय - जलविद्युत आयोजना (उत्पादन, प्रशारण, वितरण र विस्तार) को लागि जग्गा प्राप्ति ऐन, २०३४ को दफा ४ को (क) र (ख) बमोजिम जग्गा प्राप्ति गर्ने तथा सोही ऐनको दफा ५ को उपदफा (२) बमोजिम प्रारम्भिक कारवाही गर्ने अधिकारी तोक्ने ।।

८. ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय - क्षतिपूर्ति निर्धारण समिति गठन गर्ने ।

९. गृह मन्त्रालय - नेपाल प्रहरीको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा नियुक्ति गर्ने ।

१०. गृह मन्त्रालय - प्रहरी वृत्त, नयाँ बानेश्वरको हिरासतमा रहेकै अवस्थामा मृत्यु भएका हेम रावतको परिवारलाई राहत उपलब्ध गराउने।

११. गृह मन्त्रालय - वि. सं. २०७७ सालमा दिइने सार्वजनिक, पर्व एवं सट्टा विदा र कार्यालय समय निर्धारण (परिमार्जन) गर्ने ।

१२. गृह मन्त्रालय - सार्वजनिक हितको लागि आवश्यक सेवामा हडताल गर्न निषेध गर्ने सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१३. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति (चौथो संशोधन) गठन आदेश, २०७६, स्वीकृत गर्ने ।

१४. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय - भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ बमोजिम भूमि सम्बन्धी समस्या समाधान आयोगमा देहाय बमोजिमका व्यक्तिहरुलाई देहायको पदहरुमा तोक्ने र सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने ।

१) श्री देवी प्रसाद ज्ञवाली, भरतपुर महानगरपालिका -४, चितवन - अध्यक्ष

२) श्री दिनेश चन्द्र यादव, नरैनापुर गाउँपालिका-२, बाँके - सदस्य

३) श्री भीम बहादुर कार्की, पोखरा महानगरपालिका -३३, कास्की - सदस्य

४) श्री जगत बहादुर देउजा, मेलम्ची नगरपालिका- ६, सिन्धुपाल्चोक — सदस्य

५) मञ्जली शाक्य बज्राचार्य, ललितपुर १६ - सदस्य

१५. रक्षा मन्त्रालय - United Nations Disengagement Observer Force (UNDOF), सिरियामा Head of Mission तथा Force Commander का लागि नेपाली सेनाका उपरथी श्री ईश्वर हमालको मनोनयन स्वीकृत गर्ने ।

१६. रक्षा मन्त्रालय - प्राविधिक प्रमुख सेनानी डा.सागरमणी झालाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गरी पदस्थापन गर्ने ।

**द्रष्टब्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

१७. रक्षा मन्त्रालय - प्राविधिक सहायक रथी डा.नगेन्द्र बहादुर के.सी.को पदावधि थप गर्ने ।

१८. वन तथा वातावरण मन्त्रालय - ६ वटा ग्रामीण सन्जाल सडकहरुको स्तरोन्नतिको लागि झापा, सुनसरी, पर्वत, सिन्धुपाल्चोक, पश्चिम रुकुम र मोरङ जिल्लाहरुमा रहेको कूलजम्मा २९.८२५ हेक्टर (उन्नतीस दशमलव आठ दुइ पाँच हेक्टर) राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने र तहाँ रहेका जम्मा ७५२ वटा रुखविरुवाहरु हटाउन समेत स्वीकृति दिने ।

१९. वन तथा वातावरण मन्त्रालय - वातावरण संरक्षण नियमावली, २०७६ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

२०. वन तथा वातावरण मन्त्रालय - विराट बुद्धपार्क निर्माणका लागि झापा जिल्लाको दमक न.पा.-३ दुम्सेमा रहेको कूलजम्मा १३.५४५२ हेक्टर (२० विगाह) राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने र तहाँ रहेका जम्मा ६२७ वटा रुखविरुवा हटाउन समेत स्वीकृति दिने ।

२१. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - . बि.सं. २०७७ बैशाख १ गतेदेखि लागू हुनेगरी नेपाल सरकार (मं.प.) को मिति २०७४।४।३१ को निर्णयानुसार गठित नेपाल भ्रमण वर्ष, २०२० कार्यक्रम स्थगित गर्ने ।

२२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - हलेसी महादेवस्थान विकास समितिमा अध्यक्ष र कार्यकारी निर्देशक नियुक्ति गर्ने ।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - बृहत्तर बराह क्षेत्र विकास समितिको अध्यक्ष पदमा बराह क्षेत्र न.पा. वडा नं. २ तोरीवारी, सुनसरी निवासी श्री मनोज पौडेललाई र कार्यकारी निर्देशकको पदमा धरान उप महानगरपालिका-१७, पटनाली सुनसरी निवासी श्री गोपाल खत्रीलाई नियुक्त गर्ने ।

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - मनकामना क्षेत्र विकास समितिको अध्यक्ष पदमा शहीद लखन गाउँपालिका वडा नं.- ३, मनकामना गोरखा निवासी श्री रामकुमार जोशीलाई र कार्यकारी निर्देशकको पदमा गण्डकी गाउँपालिका वडा नं.-८, गोरखा निवासी श्री लेविन्द्र बहादुर गुरुङलाई नियुक्त गर्ने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - लोक सेवा आयोगवाट स्थानीय तहका लागि सिफारिश भएका तर दरवन्दी रिक्त नभै सिफारिश भएको स्थानीय तहमा हाजिर भै कामकाज गर्न नपाएका कर्मचारीहरुको व्यवस्थापन गर्ने ।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - सन् २०२० को फिलाटेलिक कार्यक्रम स्वीकृति गर्ने ।

२७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय - रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) का कार्यकारी निर्देशक श्री सुरेश कुमार कार्कीसँग मन्त्रालयका सचिवले ७ (सात) दिनको म्याद दिई स्पष्टीकरण माग गर्ने ।

२८. सहरी विकास मन्त्रालय - अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिको कार्यकारी निर्देशक पदमा श्री विद्रोह दहाल बकैया गा.पा.,-१२, (साविक ठिङ्गन - ४) मकवानपुर, हाल - ललितपुर महानगरपालिका – २३ लाई नियुक्ति गर्ने ।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय - महाराजगंज मेडिकल क्याम्पस, सामुदायिक औषधि तथा जनस्वास्थ्य विभागमा कार्यरत डा.खेम बहादुर कार्कीलाई विज्ञ सल्लाहकारमा नियुक्ति गर्ने ।

३०. राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव हालः का.मु. सचिव (राजस्व) श्री रामशरण पुडासैनी (सङ्केत नं. ११५६५८) लाई राजपत्राङ्कित विशिष्ट श्रेणीमा बढुवा गरी अर्थ मन्त्रालयको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव (राजस्व) पदमा पदस्थापन गर्ने ।

३१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –

विश्वव्यापी महामारीको रूप लिएको COVID-19 को संक्रमण फैलने सम्भावना देखिएकोले सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७६ चैत ११ गते

बिहान ६ बजेदेखि २०७६ चैत १८ गते बिहान ६ बजेसम्म नेपालभर लागू हुने गरी देहायको आदेश जारी गर्ने र सोको सूचना अतिरिक्ताङ्क गरी नेपाल राजपत्रमा प्रकाशन गर्ने —

१. औषधी उपचार, खाद्यवस्तु खरिदजस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर ननिस्कने,

२. अनुमतिप्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने बाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रुवाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाउने,

३. सुरक्षा निकायबाट प्रयोग हुने वायुयान र तोकिएका अन्य उडानहरू बाहेक अन्य सबै आन्तरिक व्यवसायिक उडानहरू बन्द गर्ने,

४. स्वास्थ्य, सुरक्षा, खाद्यवस्तु, खानेपानी, दूध, विद्युत, दूरसञ्चार, सूचना तथा सञ्चार, भन्सार, क्वारेन्टाइन, फोहरमैला व्यवस्थापनजस्ता अति आवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीहरू मात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीहरूलाई आवश्यक परेका बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले विदा दिने,

५. औषधी तथा स्वास्थ्य उपकरण, खाद्यवस्तु, खानेपानी, दूध, इन्धन उत्पादन गर्ने उद्योगहरू बाहेक सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालित अन्य उद्योग, कलकारखानाहरूमा काम गर्ने श्रमिक, कर्मचारीहरूलाई सम्बन्धित उद्योगले विदा दिने व्यवस्था मिलाउने,

६. व्यवसायीहरूले औषधी र औषधीजन्य सामग्रीहरूको नियमित आपूर्तिको व्यवस्था गर्ने। अभाव देखाइ मुल्य वृद्धि गर्ने वा कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम नियन्त्रणमा लिने, सामग्री जफत गरी रोगको रोकथाम र उपचारको कार्यमा उपयोग गर्ने ।

७. संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम जारी यस आदेशको कार्यान्वयन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन नेपाल राज्यका सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गर्ने र सोका लागि स्थानीय प्रशासन ऐन, २०२८ को समेत आवश्यकता अनुसार प्रयोग गर्ने,

८. संक्रामक रोग ऐन, २०२० अन्तर्गत जारी आदेशको अपहेलना गर्ने वा काममा बाधा पुऱ्याउने व्यक्तिलाई सोही ऐनबमोजिम सजाय हुने ।

३२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय –

विश्वव्यापी महामारीको रुप लिएको COVID-19 को नेपालमा समेत संक्रमणको जोखिम बढ्दै गएको सन्दर्भमा देहायबमोजिम गर्ने —

१. COVID-19 को सम्भावित संक्रमणको रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी कार्यमा प्रयोग गरिने औषधी, उपकरण, उपचार सामग्रीको आपूर्ति र संक्रमित व्यक्तिहरूको व्यवस्थापन एवं पूर्वाधार निर्माणका लागि उपयोग गर्न आवश्यक रकमको व्यवस्था गर्न एउटा छुट्टै "कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" स्थापना गर्ने ।

२. प्रकरण १ बमोजिम स्थापना गरिने कोषमा नेपाल सरकारको तर्फबाट हाल पचास करोड रुपैयाँ जम्मा गर्ने । कोष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहने।

३. कोषमा सम्माननीय प्रधानमन्त्रीलगायत मन्त्रिपरिषद्का सबै सदस्यहरूले एक महिनाको पारिश्रमिक बराबरको रकम जम्मा गर्ने ।

४. कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा आ-आफ्नो तर्फबाट सहयोग गर्न इच्छुक जनप्रतिनिधि, राष्ट्रसेवक, उद्योगी, व्यवसायी, राजनीतिक दल, विभिन्न पेशा व्यवसाय गर्ने व्यक्ति तथा संघ संस्था, समाजसेवीलगायत आम सर्वसाधारणलाई उक्त कोषमा रकम जम्मा गर्न आह्वान गर्ने।

**द्रष्टव्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

५. COVID-19 बाट संक्रमित विरामीहरूलाई उपचार गर्न काठमाडौं जिल्ला चन्द्रागिरी नगरपालिकामा रहेको सशस्त्र प्रहरी बल नेपालको अस्पताललाई COVID-19 को उपचारको लागि DEDICATED HOSPITAL को रूपमा तोक्ने । सो अस्पतालमा उपचारको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने र उपकरण एवं औषधीको व्यवस्था गर्ने । उपचार कार्यमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नेतृत्वमा नेपाली सेनाका चिकित्सकहरूको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरू परिचालन गर्ने र आवश्यकताअनुसार अन्य सरकारी सामुदायिक र निजी अस्पतालका चिकित्सक, नर्स तथा स्वास्थ्यकर्मीहरू समेत थप परिचालन गर्ने । यसका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रक्षा मन्त्रालय, गृह मन्त्रालय र अर्थ मन्त्रालयले आवश्यक समन्वय गर्ने । सशस्त्र प्रहरी बल नेपालका प्रहरीहरू, भूतपूर्व प्रहरीहरू र प्रहरीका परिवारहरूले सो अस्पतालबाट पाउँदै आएको सबै स्वास्थ्य सेवा नेपाली सेना र नेपाल प्रहरीको अस्पतालबाट उपलब्ध गराउने ।

६. अर्थ मन्त्रालयले मित्रराष्ट्र एवं विकास साझेदारहरूबाट COVID-19 संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीहरू सहायता स्वरूप प्राप्त गर्न आवश्यक पर्ने कार्यहरू अविलम्ब गर्ने । आवश्यकताको आंकलन गरी चिकित्सकलगायतका स्वास्थ्यकर्मीहरूको थप व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिलाउने । यी कार्यहरूमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्रीको परिमाणसहित प्रस्ताव गर्ने । अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयले आवश्यक सहजीकरण र समन्वय गर्ने ।

७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक खरिद ऐनको विशेष परिस्थितिमा खरिद गर्ने प्रावधानबमोजिम रोकथाम, नियन्त्रण र उपचारसँग सम्बन्धित सेवा र वस्तुको अविलम्ब खरिद गर्ने ।

८. COVID-19 रोकथाम तथा नियन्त्रणसम्बन्धी कार्यमा संलग्न देहायबमोजिमका जनशक्तिहरूलाई कार्य क्षेत्रगत शर्त (TOR) का आधारमा संक्रमण जोखिम अवधिभर देहायबमोजिमको जोखिम भत्ता उपलब्ध गराउने ।

   ८.१ प्रयोगशाला, स्वास्थ्य परीक्षण र उपचारमा प्रत्यक्ष रूपमा खटिने सबै चिकित्सक, स्वास्थ्यकर्मी तथा नर्सिङ्ग कर्मचारीहरूलाई शुरु तलबमानको शतप्रतिशतले हुने रकम।

   ८.२ प्रकरण ८.१ मा उल्लेख भएका कार्यमा सहयोग गर्न खटिने सबै प्राविधिक जनशक्तिलाई शुरु तलबमानको पचहत्तर प्रतिशतले हुने रकम।

   ८.३ प्रकरण ८.१ र ८.२ को कार्यमा सहयोग गर्न खटिने अन्य सबै जनशक्तिलाई शुरु तलबमानको पचास प्रतिशतले हुने रकम।

   ८.४ प्रकरण ८.१, ८.२ र ८.३ बमोजिमका सुविधा करारमा कार्यरत जनशक्तिसमेतलाई उपलब्ध गराउने।

९. COVID-19 को रोकथाम, नियन्त्रण र उपचारको कार्यमा खटिने कर्मचारीहरूको स्वास्थ्य सुरक्षाको लागि आवश्यक पर्ने सामग्रीहरू सहितको उचित प्रबन्ध गरेर मात्र कार्यस्थलमा खटाउने व्यवस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने।

१०. कर्मचारी सञ्चयकोषले आफ्ना सञ्चयकर्तालाई घातक रोगको उपचार गर्न प्रदान गर्दै आएको उपचार खर्च बापतको रु. १० लाखको व्यवस्थालाई कोरोना भाइरसको रोकथाम, नियन्त्रण र उपचारका लागि खटिएका राष्ट्रसेवक कर्मचारी कोरोनाबाट संक्रमित भएमा निजलाई उपचार गर्दा लाग्ने खर्चसमेत सोही अनुरूप हुने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने ।

**द्रष्टब्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।**

११. प्रकरण १० बमोजिम हुन आउने रकम बराबरको सुविधा करारमा कार्यरत जनशक्तिलाई समेत उपलब्ध गराउने ।

१२. जुनसुकै अवस्था वा कारणबाट अन्तर्राष्ट्रिय विमानस्थल तथा अन्य सीमा नाकामा COVID-19 संक्रमित व्यक्ति फेला परेमा त्यस्ता व्यक्तिहरूलाई नियन्त्रणमा लिई WHO को मापदण्डअनुसार निर्धारित उपचार केन्द्रमा पुऱ्याउने कार्य नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको Patient Receiving Team (PRT) ले गर्ने । यसको नेतृत्व स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्ने, यस कार्यमा रक्षा मन्त्रालय र गृह मन्त्रालयले आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गृह मन्त्रालय; रक्षा मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वयमा आवश्यकताअनुसार सुरक्षाकर्मीसमेत परिचालन गरी संघ, प्रदेश र स्थानीय तहमा आवश्यकताअनुसार क्वारेन्टाइनको व्यवस्था मिलाउने।

१४. विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID-19 रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयासहरू समेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने जनताहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न हाललाई मिति २०७६ चैत १० गते बिहान १० बजेदेखि चैत १६ गतेसम्म जम्मा ७ दिनका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दुबाट यात्रुहरूको आवागमन स्थगित गर्ने । मालसामानको हकमा हाल कायम रहेको व्यवस्थालाई निरन्तरता दिने ।

१५. स्वदेशभित्रै यस रोगको रोकथाम र नियन्त्रणका लागि आवश्यक पर्ने औषधी, उपकरणलगायतका सामग्रीहरूका साथै खाद्यान्नलगायतका सबै वस्तु वा सेवाको प्राथमिकताका साथ उत्पादन गर्न र आवश्यकताअनुसार आयातसमेत गरी आपूर्ति प्रणालीलाई सहज बनाउन सम्पूर्ण उद्योगी व्यवसायीलाई आग्रह गर्ने ।

१६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बजारको निरन्तर अनुगमन गरी कृत्रिम अभाव सिर्जना गर्ने, कालोबजारी गर्ने र आपूर्ति प्रणालीमा अवरोध गर्नेहरूलाई प्रचलित कानूनबमोजिम कडा कारबाही गर्ने ।

१७. COVID-19 को रोकथाम र नियन्त्रणको कार्यमा संघ, प्रदेश र स्थानीय तहलगायतका विभिन्न तहका सरकारी निकाय, जनप्रतिनिधि संस्थाहरू, राजनीतिक दल, सामाजिक संघसंस्था, निजीक्षेत्र, आमसञ्चार जगत, नागरिक समाजलगायत आम सर्वसाधारणबाट हालसम्म प्राप्त भएको साथ र सहयोगका लागि नेपाल सरकारको तर्फबाट धन्यबाद दिने र आगामी दिनमा पनि सम्भावित संक्रमणको रोकथाम र नियन्त्रणका लागि आ-आफ्नो तर्फबाट सबैको एकताबद्ध प्रयासका लागि आह्वान गर्ने ।

१८. सम्माननीय प्रधानमन्त्रीबाट मिति २०७६ चैत ७ गते राष्ट्रको नाममा भएको सम्बोधनमा अन्तरनिहित विषयहरू र उच्चस्तरीय समन्वय समितिको बैठकबाट भएका निर्णयहरू कार्यान्वयनका लागि बनाइएको रोकथाम, नियन्त्रण तथा उपचारसम्बन्धी कार्ययोजनालाई समर्थन गर्ने ।

३३. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय - नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक श्री कुलमान घिसिङ्गले देहायका कार्यहरू गरेको पाइएकोले निजलाई ७ दिनको म्याद दिई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिवमार्फत् स्पष्टीकरण सोध्ने—

विश्वव्यापी महामारीको रूपमा फैलिएको COVID-19 को नेपालमा समेत जोखिम बढ्दै गएको; यस रोगको संक्रमण हुन नदिन तथा रोकथाम, नियन्त्रण र उपचारका लागि सरकारी संयन्त्र, उद्योगी व्यवसायीलगायत निजी क्षेत्र एवं राष्ट्रिय जीवनका सबै क्षेत्र प्राथमिकताका साथ परिचालित हुनुपर्ने

अवस्था रहेको; वस्तु वा सेवाको उत्पादन र वितरण प्रणालीमा अवरोध आउन नदिन सबै क्षेत्र विशेष गरी सरकारी, सार्वजनिक क्षेत्र सतर्क र सजग भई गम्भीरतापूर्वक कार्य गर्नुपर्ने लगायतका विशेष परिस्थिति र थप विद्युत उत्पादन भइरहेको एवं हुने सन्दर्भसमेत रहेकोमा विद्युत आपूर्तिजस्तो अत्यावश्यक सेवाको आपूर्ति निर्वाध रूपमा गर्नुपर्नेमा उद्योग व्यवसाय बन्द हुने, रोजगारी बन्द हुने, वस्तु वा सेवाको उत्पादन र निर्यातमा समेत अवरोध हुनेगरी गम्भीर क्षति पुग्नेतर्फ ध्यान नदिई राष्ट्रिय जीवनका सबै क्षेत्र कठिन परिस्थितिमा रहेको यस समयमा वस्तु वा सेवाको उत्पादन र निर्यातसमेत गर्ने उद्योग व्यवसायहरूलाई विगतदेखि उपलब्ध गराइँदै आइएको विद्युत सेवाको लाइन काटी विद्युत आपूर्ति गर्ने कार्य बन्द गरी उद्योगहरूलाई कठिन परिस्थितिमा थप संकट सिर्जना हुने कार्य गरेको ।

द्रष्टब्यः मन्त्रिपरिषद्का निर्णय सम्बन्धी थप जानकारी आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।